ङ) श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको जन्मजयन्तीमा उपस्थित हुने ।

च) राष्ट्रपिता श्री ५ त्रिभुवन जयन्ती तथा राष्ट्रिय प्रजातन्त्र दिवसमा उपस्थित हुने ।

छ) श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवसमा उपस्थित हुने ।

ज) बडा दशैं, फूलपातीको दिन उपस्थित हुने ।

झ) महाशिवरात्रिको बढाइँमा उपस्थित हुने ।

ञ) घोडेजात्राको समारोहमा उपस्थित हुने ।

१३. माथि लेखिएबमोजिम बिदा पाउनेमा रोजना काम हुने मन्त्रालय तथा कार्यालयहरू जस्तै:– अस्पताल, रोपवे, तार, टेलिफोन, प्रहरी थाना, प्रहरी चौकी, फायरब्रिगेड, टक्सार, रेडियो नेपाल, श्री ५ को सरकारको छापाखाना, आकाशवाणी र हुलाक समेतमा कामकाज रोक्न नहुने कार्यालयहरूका निमित्त सरकारी कामकाज रोक्न नपाउने गरी प्रचलित कानूनबमोजिम रीत पुऱ्याई मात्र बस्न पाइनेछ ।

टिप्पणी:– आधा दिन भन्नाले मार्ग, पौष र माघ ३ (तीन) महिनाको निमित्त दिनको १ बजे र बाँकी ९ (नौ) महिनाको लागि दिनको १½ बजे भन्ने सम्झनुपर्छ ।

आज्ञाले,
वीरबहादुर शाही
श्री ५ को सरकारको सचिव

## सूचना २

श्री ५ को सरकारले जिल्ला कार्यालय डोल्पाका प्र. जि. अ. श्री पदमराज रेग्मी काजमा बस्नुभएकोले सो प्र. जि. अ. पदमा नि. से. नि., २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री चण्डेश्वरप्रसाद आचार्यलाई मिति २०४४।९।१० देखि का. मु. मुकरर गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
६०७